निर्णयहरू:-

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७-०३-२४ को निर्णयानुसार स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवा सुचारू भए, नभएको अनुगमन गर्न र सुरक्षा व्यवस्थापन समेत हेर्न जिल्लास्तरमा मोबाईल टिम गठन गरिएको हुँदा उक्त समितिमा प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि वा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन (DCCMC) को प्रतिनिधि सदस्यको विवरण खुलाई पठाई दिन भनी श्री कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंको प.सं. ०७६/७७/१०४, मिति २०७७-०३-२९ को पत्रबाट लेखी आएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, मकवानपुरका प्रशासकीय अधिकृत श्री देबचन्द्र गर्तौलालाई उक्त समितिको प्रतिनिधि सदस्य तोक्ने र सो विवरण कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाडौंमा पठाउने ।

२. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का सहदस्यहरूद्वारा आ-आफ्ना क्षेत्रबाट भईरहेका गतिविधिका सम्बन्धमा बैठकमा जानकारी गराइयो ।

२०७७।३।२९

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी